दफा ४ तथा अनुसूची-१ को भाग-१ संग सम्वन्धित

## मकवानपुरगढी गाँउपालिका

द्धारा प्रकाशीत

# मकवानपुरगढी राजपत्र

खण्ड :२ संख्या :८ मिति :२०७५।४।७

भाग -१

मकवानपुरगढी गाउँपालिका

ऐन तथा सभाले बनाएको नियमको सम्पूर्ण व्यहोरा

आज्ञाले
नाम : भिम वहादुर परियार
प्रमुखप्रशासकीयअधिकृत

प्रमाणिकरण मितिः२०७५/४/२

# मकवानपुरगढी गाउपालिका अनाथ तथा जोखिमयुक्त बालबालिकाकालागि सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७५

## सम्वत २०७५ सालको ऐन नं ८

**प्रस्तावना**ः अनाथ तथा जोखिमयुक्त बालबालिकाका लागि स्थानीय तहमा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकाले,मकवानपुरगढीको गाउँसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद१-

## प्रारम्भिक

१ . **संक्षिप्त नाम र प्रारम्भ** यसकार्यविधिको न (१)ः ाम "मकवानपुरगढीगाउँपालिकाअनाथ तथा जोखिमयुक्त बालबालिकाको लागिसामाजिक सुरक्षा कार्यक्रम (सञ्चालन कार्यविधि) ऐन,२०७५" रहेको छ ।

यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ (२)।

२ . **परिभाषा**ः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अनाथ तथा जोखिमयुक्त बालबालिका " भन्नाले १८ वर्ष उमेर पुरा नभएकादफा १२ बमोजिमका लाभग्राही बालबालिका सम्झनुपर्छ ।

(ख) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनुपर्छ ।

(ग) "अभिलेख" भन्नाले दफा २२ बमोजिम तयार गरिएको अभिलेख सम्झनुपर्छ ।

(घ) "कार्यपालिका" भन्नाले गाउँ कार्यपालिका सम्झनुपर्छ ।

(ङ) "कोष" भन्नालेअनाथ तथा जोखिमयुक्तबालबालिकाको लागि सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गर्न यसै कार्यविधिद्वारा स्थापना हुने अक्षय कोष सम्झनुपर्छ।

(च) "प्रमुख प्रशासकीय अधिकृत " भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

भन्नाले गाउँपालिकाको वडा कार्यालय भन्ने सम्झनुपर्छ "वडा कार्यालय" (छ) ।

(ज) "शाखा"भन्नाले सामाजिक सुरक्षा हेर्ने शाखा सम्झनुपर्छ ।

(झ) "समिति"भन्नाले कार्यपालिकामा गठित सामाजिक विकाससमिति सम्झनुपर्छ।

(ञ) "सञ्चालक समिति"भन्नाले दफा ६ बमोजिम गठित कोष व्यवस्थापन तथा संचालक समिति सम्झनुपर्छ ।

भन्नाले गाउँपालिका भन्ने सम्झनुपर्छ "स्थानीय तह" (ट)।

(ठ) "स्थानीय स्तर " भन्नाले मकवानपुरगढीगाउँपालिकाको भौगोलिक क्षेत्र सम्झनुपर्छ ।

(ड)“स्थानीय बाल अधिकार समिति” भन्नाले प्रचलित कानून बमोजिम स्थानीय स्तरमा बाल अधिकार सम्वर्द्धनको लागि गठित समिति सम्झनुपर्छ ।

३ . **उद्देश्यः** यस ऐनको उद्देश्य देहाय बमोजिम हुनेछ -:

अनाथतथाजोखिमयुक्तबालबालिकाकोलागिगाउँपालिका (क) सामजिकसुरक्षाकार्यक्रमसञ्चालनगर्नस्थापनाहुनेवाभएकोकोषलाईनियम नगर्ने।

सञ्चालनमा रहेका अक्षय कोषवाट प्राप्त आम्दानी समेतको आधारमा (ख) सामाजिक सुरक्षा आवश्यक देखिएका अनाथ तथा जोखिम युक्त बालबालिकाको पहिचान गरी उनीहरुलाई नगद प्रवाह गर्ने व्यवस्था मिलाउने।

## परिच्छेद-२

## कोष स्थापना तथा सञ्चालन

४. **अनुमति दिने**गाउँपालिका क्षे (१) : त्रमा अनाथ तथा जोखिमयुक्त बालबालिकाको लागि सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गर्न अनुमति लिन चाहने व्यक्ति वा संस्थाले कार्यपालिका समक्ष अनुमतिको लागि निवेदन दिनुपर्नेछ ।

बमोजिमअनुमति माग गर्ने व्यक्ति वा संस्थालाई (१) उपदफा (२) कार्यपालिकालेकार्यक्रम तथा सोमा हुने खर्च रकम गाउँपालिकाको वार्षिक बजेटमा उल्लेख हुने र उक्त रकम दफा ५ बमोजिमको कोष मार्फत खर्च हुनेगरी कार्यक्रम सञ्चालन गर्न अनुमति दिन सक्नेछ ।

यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार वा (३) प्रदेश सरकारको सहमति वाअनुमति अथवा नेपाल सरकार वा प्रदेश सरकारको नीति अन्तर्गत सञ्चालित हुने अनाथ तथा जोखिमयुक्त बालबालिकाको लागि सामाजिक सुरक्षा कार्यक्रम संचालन भइरहेको हकमा यो ऐनको व्यवस्था लागू हुने छैन ।

५. **कोष स्थापना** कार्यपालिकाले गाउँपालिका क्षेत्रभित्र अनाथ तथा जो (१) : खिमयुक्त बालबालिकाको लागि सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गर्ने गैरसरकारी संघ संस्था तथा अन्य निकायले अनाथ तथा जोखिमयुक्त बालबालिकाको लागि सामाजिक सुरक्षा कार्यक्रममा खर्च गर्न वा कोषको मूलधनमा योगदान गर्ने गरि रकम दाखिला गर्नको लागि एक अनाथ तथा जोखिमयुक्त बालबालिकाका लागि सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कोष स्थापना गर्नेछ ।

कोषमा स्थानीय तहले अनाथ तथा जोखिमयुक्त बालबालिकाको लागि (२) सामाजिक सुरक्षा प्रदान गर्ने गरीबी न्यूनिकरणका लागि विनियोजन गरिएको रकम पनि दाखिल गर्न सकिनेछ।

गाउँपालिका क्षेत्रम (३)ा कोषमा दाखिला रकम बाहेक अन्य स्रोतबाट खर्च गर्नेगरी कुनै संस्थालाई अनुमति वा सहमति दिइने छैन ।

६. **कोष सञ्चालन व्यवस्था** कोषको सञ्चालनको लागि देहाय बमोजिमको एक कोष (१) : : व्यवस्थापन तथा सञ्चालक समिति रहनेछ

(क) गाउँ कार्यपालिकाबाट मनोनित कार्यपालिकाको एक जना सदस्य,
संयोजक-

स्थानीय स्तरमा कार्यरत बालबालिकाहरु संग सम्बन्धित गैरसरकारी (ख)
संस्था वा स्थानीय बालसंरक्षण समितिका अध्यक्षहरु मध्येबाट
समाजिक विकास समितिबाट मनोनित एक जना प्रतिनिधि
सदस्य-

(ग) स्थानीयस्तरमा सञ्चालित सार्वजनिक वा सामुदायिक माध्यमिक विद्यालयहरुका प्रधानाध्यापकहरु मध्येबाट समाजिक विकास समितिबाट मनोनित एक जना प्रतिनिधि
- सदस्य

(घ) स्थानीय स्तरमा संचालित सहकारी संस्थाहरु मध्येवाट सहकारी समन्वय समितिका सिफारिसमा समाजिक विकास समितिबाट मनोनित एक जना प्रतिनिधि सदस्य-

)ङ( स्थानीयस्तरमा कार्यरत स्वास्थ्य सस्थासंग सम्बन्धित कर्मचारी वा महिला स्वास्थ्य स्वयंम सेवकहरु मध्येवाट समाजिक विकास समितिबाट मनोनित एक जना प्रतिनिधि सदस्य-

(च) कोषमा योगदान गर्ने दाताहरु मध्येबाट समाजिक विकास समितिबाट मनोनित एक जना प्रतिनिधिसदस्य-

स्थानीय बाल क्लवहरू मध्येबाट समाजिक विकास समितिबाट(छ)
सदस्य- मनोनित एक जना प्रतिनिधि

स्वास्थ्य तथा सामाजिक विकास शाखा वा कार्यालयले तोकेको (ज)
एकजना कर्मचारी सचिव-सदस्य-

तर सामाजिक विकास समिति गठन भईनसकेको अवस्थामा गाउँ कार्यपालिकाले सदस्य तोक्नु पर्नेछ ।

समितिका सदस्यहरूको कार्यावधि तीन वर्षको हुनेछ। (२)

मा जुनसुकै कुरा लेखिएको भए तापनि कोषमा कुनै रकम (१) उपदफा (३)
दाखिला गर्दा भएको सम्झौताले सञ्चालक समितिमा कुनै प्रतिनिधित्व गराउनुपर्ने भएमा सो रकमसँग सम्बन्धित खर्चको निर्णय गर्दा सम्झौता बमोजिमको प्रतिनिधित्व गराउन बाधा पर्नेछैन ।

७. **अक्षय कोष खडा गर्ने** कोषले जम्मा गर्ने गरी प्राप्त हुने रकम मध्ये (१) :
अक्षयकोषका लागि प्राप्त हुने सबै र अन्य मध्ये पच्चीस प्रतिशत रकम अक्षय कोषको रूपमा राखुपर्नेछ ।

बमोजिमको रकमको ब्याज वापत प्राप्त हुने रकम बाहेक अक्षय कोषको (१) उपदफा (२)
रूपमा रहेको रकम कुनै पनि कार्यमा खर्च गर्नपाइने छैन।

८. **शर्त बमोजिम खर्च गर्ने :** कोषमा रकम दाखिला गर्दा कुनै निर्धारित कार्यक्रम वा कुनै कार्यक्रममा निर्धारित प्रक्रियाबाट खर्च गर्ने सहमति बमोजिम दाखिला भएको रकम खर्च गर्दा सञ्चालक समितिको सहमति बमोजिम खर्च गर्नुपर्नेछ ।

९ **.कोषको रकम खर्च गर्न नपाइने :** देहाय बमोजिमको कार्यमा कोषको रकम खर्च गर्न पाइनेछैन -: ) क( तालिम, गोष्ठी, भ्रमण वा सो प्रकृतिको अन्य कार्य,

(ख) मसलन्द, छपाइ, पत्रपत्रिका, विज्ञापन वा सो प्रकृतिको अन्य कार्य

१० **.कोषमा रकम दाखिल गर्नसक्ने** गाउँपालिकाले अनाथ तथा जोखिममा रहेका (१) : बालबालिकाको संरक्षण, सुरक्षा तथा सबलीकरणमा वार्षिक बजेट मार्फत तोकिएको रकम कोषमा दाखिल गरी कोष मार्फत खर्च गर्नसक्नेछ ।

गाउँपालिका क्षेत्रमा कार्यक्रमको लागि खर्च हुने सबै प्रकारका रकम कोषमा दाखिला हुने (२) व्यवस्था कार्यपालिकाले मिलाउनेछ।

## परिच्छेद-३

## कोषको रकम खर्च गर्ने प्रक्रिया

११. **खर्च ब्यवस्थापन:** कोषको रकम देहाय बमोजिमको कार्यक्रमहरूमा खर्च गर्न सकिनेछ -:

लक्षित समूहलाई दिईने नगद अनुदान (क),

(ख) लक्षित समूहलाई निश्चित अवधिको सहयोगार्थ दिइने आवधिक अनुदान,

(ग) लक्षित समूहलाई आवश्यकता अनुसार विपद समेतमा सहयोग गर्न दिईने विशेष अनुदान,

कुनै दाताले कुनै बालबालिका लागि तोकेर दिएको सशर्त अनुदान (घ)।

१२ . **लाभग्राही समूह** : दफा११बमोजिमको कार्यक्रम देहाय बमोजिमको लाभग्राही बालबालिकाको लागि सञ्चालन गर्नुपर्नेछ -:

(क) आमा बाबु दुबैको मृत्यु भएको, कोही पनि आफन्त नभई अरुको शरणमा बसेका बालबालिका,

(ख) आमा बाबु दुबैको मृत्यु भई आफै घरमुली भएका बालबालिका,

(ग) आमा बाबु दुबैको मृत्यु भई आफन्तको ( परिवारका अन्य सदस्यको) रेखदेखमा रहेका बालबालिका,

(घ) आमा बाबु दुबै मानसिक रोगी, बेपत्ता, पूर्ण अपाङ्गता भई उनीहरुबाट उचित संरक्षण पाउन नसकेका बालबालिका,

आमा वा बाबु कुनै एकको मृत्यु (ङ), बेपत्ता, दोश्रो विवाह गरी टाढा बसेको,बौद्दिक वा इन्द्रीय सम्बन्धी दिर्घकालिन अशक्तता भएका , बाबुको पहिचान नभएको वा पूर्ण अपाङ्गता भई एकल अभिभावकसँग बसिरहेका बालबालिका ।

आफ्नो सम्पत्ति नभएको (च), स्याहार सुसार गर्ने परिवारको सदस्य वा संरक्षक नभएको बालबालिका ।

१३. **नगद अनुदानको दर :** लाभग्राहीलाई नगद अनुदान दिँदा प्रति महिना कार्यपालिकाले तोकेको रकममा नघटने गरी दिनुपर्नेछ ।

१४. **सार्वजनिक सूचना गर्नुपर्ने** बमोजिमको ढाँचाम १- प्रत्येक वर्ष अनुसूची (१ ) : ा कार्यतालिका सहित सार्वजनिक सूचना गरी लक्षित बालबालिकाको लागि दिइने अनुदानको प्रक्रिया सुरु गर्नु पर्नेछ ।

सूचना प्रकाशन गर्दा वडा कार्यालय (२), विद्यालय, स्वास्थ्य संस्था बालबालिकासँग काम गर्ने सरकारी तथा गैर सरकारी संस्थाका कार्यालयहरुमा सूचना टाँस्नु पर्नेछ ।

१५ . **आवेदन गर्नुपर्ने** आवेदन आव्हानको लागि सार्वजनिक सूचना प्रकाशित गर्नुपर्नेछ (१) : ।

बमोजिम सार्वजनिक सूचना प्रकाशित गर्दा र आवेदन फारम (१) उपदफा (२) वितरण गर्दा गाउँपालिकामा कार्यक्षेत्र रहेका सङ्घ संस्था, बाल अधिकार समिति , बाल समूहको सहयोग लिन सकिनेछ ।

२- बमोजिम सूचना प्रकाशन गरेको पन्ध्र दिनभित्र अनुसूची (१) उपदफा (३) बमोजिमको ढाँचामा आवेदन दिनु पर्नेछ।

बमोजिमको आवेदनसाथ देहायका कागजात संलग्न गर्नुपर्नेछ (१) उपदफा (४) -:

(क) बालबालिकाको जन्म दर्ता प्रमाण पत्रको प्रतिलिपि,

)ख( अभिभावक हुनेहरुले अभिभावकको नागरिकताको प्रमाण पत्रको प्रतिलिपि,

(ग) बाबु/आमाको मृत्यु भएको अवस्थामा मृत्यु दर्ताको प्रमाणपत्रको प्रतिलिपि,

(घ) अभिभावक पूर्ण अपाङ्गता भएमा अपाङ्गता कार्डको प्रतिलिपि,

(ङ) बाबुआमा बेपत्ता भएको , मानसिक रोगी भएको सन्दर्भमा प्रमाण खुल्ने कागजात ।

१६ . **लाभग्राहीलाई दिइने रकमको निर्धारण , लाभग्राहीको संख्या निर्धारण , छनौटको लागि प्राथमिकता र छनौटको प्रक्रिया** लाभग्राहीलाई वितरण गर्ने अनुदान रकम देहाय (१) : -: बमोजिम निर्धारण गर्नपर्नेछ

(क) अघिल्लो वर्षको लेखा विवरणमा खुलेको कोषको रकमवाट प्राप्त व्याज, कुनै दाता वा निकायवाट लक्षित बालबालिकालाई वितरण गर्नभनि दिइएको रकम जोडेर लाभग्राहीलाई वितरण गर्ने जम्मा अनुदान रकमको तय गर्ने,

(ख) खण्ड अनुसार रकम गणना गर्दा यस अघिको वर्षमा सम्झौता (क) भएका लाभग्राहीलाई दिनु पर्ने रकम घटाई वितरण गर्ने रकमको तय गर्ने,

(ग) कुनै दातावाट निर्धारित दर बमोजिम निश्चित अवधिकोलागि अनुदान दिने गरी रकम प्राप्त भएमा त्यस्ता लाभग्राहीको लागि प्राप्त रकम छुट्टै विशेष अनुदान उपशीर्षकमा रकम उल्लेख गर्ने,

(घ) तर खण्ड बमोजिम १३ बमोजिम रकम प्राप्त गर्दा दफा (ग)को दरमा कम्तीमा एक वर्षभन्दा कम समयको लागि रकम स्वीकार गर्न पाईने छैन । यस दफामा तोकिएभन्दा कम रकम अक्षय कोषमा भने जम्मा गर्न सकिने ।

-: लाभग्राहीको सङ्ख्या निर्धारण देहाय बमोजिम गर्नु पर्नेछ (२)

मा तोकिएको दरलाई बाह्र महिनाले गुणन गरेर दफा १३ दफा (क) .१६१ बाट प्राप्त रकमलाई भाग गरी लाभग्राहीको सङ्ख्या(ख) निर्धारण गर्न पर्ने।

(ख) तर दफा १६ को लागि लाभग्राहीको लागि दाताबाट अनुदान १. रकम प्राप्त भएकालाई छुट्टै उपशीर्षकमा राखी लाभग्राहीको सङ्ख्या एकिन गर्ने।

-: लाभग्राहीको छनौटको प्राथमिकिता देहाय बमोजिम हुनेछ (३)

| | आवेदककोप्रकार | प्राथमिकीकरण | थपप्राथमिकीकरण |
|---|---|---|---|
| १ | आमाबाबुदुवैगुमाईअरुकोशरणमारहेकाबलबालिका | पहिलो | एकैप्रकारकाआवेदकहरूमध्येबाटछनौटगर्नुपरेमानिम्नानुसारबालबालिकालाईप्रथमिकीकरणगर्नुपर्नेछ-: )क ( हालबालश्रमिकको रूपमाकामगरिरहेकाबालबालिका )ख(विद्यालयबाहिररहेकाबालबालिका )ग(आफ्नोसम्पतिनभएकाबालबालिका |
| २ | आमाबाबुदुवैगुमाईआफैघरमूलीभएकाबालबालिका | दोस्रो | |
| ३ | आमाबाबुदुवैगुमाईआफन्तकोरेखदेखमारहेकाबालबालिका | तेस्रो | |
| ४ | आमाबाबुदुवैमानसिकरोगी, वेपत्ता, पूर्णअपाङ्गताभईउचितसंरक्षणपाउननसकेकाबालबालिका | चौथो | |
| ५ | आमाबाबुमध्येकुनैएकको मृत्यु, बेपत्ता, दोस्रोविवाहगरीछुट्टैबसेको, मानसिकरोगी, बाबुकोपहिचाननभएकोवापूर्णअपाङ्गताभईएकलअभिभावकसँगबसिरहेकाबालबालिका | पाँचौं | |

बमोजिमको प्राथमिकीकरण गरी (३) उपदफा (४) छनौट भएका बालबालिकाहरुको नामावली सम्बन्धित स्थानीय तहले सार्वजनिक सूचनाद्वारा जानकारी गराउनु पर्नेछ ।

छनौट सम्बन्धी जानकारी सम्बन्धित बालबालिका (५), उनीहरुका अभिभावक र अध्ययन गरिरहेको विद्यालयलाई पत्र मार्फत वा अन्य सञ्चार माध्यमद्वारा गरिनेछ ।

१७ . **सम्झौता गरी परिचयपत्र दिनु पर्ने** बमोजिम छनौट भएका १६ दफा (१) : बालबालिकाहरुलाई सहयोग प्रदान गर्नु अघि उनीहरुका बाबु आमा वा अभिभावक वा बमोजिमको ढाँचामा सम्झौता गर्नु पर्नेछ ३-स्वयं बालबालिकासँग अनुसूची।

सम्झौताको समयमा छनौट भएका बालबालिका (२), उनीहरुको बाबु आमा वा अभिभावकलाई यसबाट पर्ने असर तथा प्रभावका बारेमा जानकारी एवम् परामर्श गरिनेछ ।

बमोजिम सम्झौता गरिएका आमा बुवा वा अभिभावक वा स्वयं (१) उपदफा (३) बमोजिमको ढाँचामा परिचय पत्र दिनु पर्नेछ ४-बालबालिकालाई अनुसूची।

## परिच्छेद ४

## अनुदान रकमको वितरण, रोक्का तथा उपयोग

१८ . **रकम वितरण र उपयोगः** अनुदान रकम चौमासिक रुपमा वितरण गर्नु पर्नेछ (१) ।

अनुदान रकम बालबालिकाको अभिभावकलाई दिनु पर्नेछ (२)। यदि बालबालिका आफैं घरमूली भएको अवस्थामा भने सम्बन्धित बालबालिकालाई नै दिन सकिनेछ ।

बमोजिमको रकमको वितरण गर्दा सबै सरोकारबालाहरुलाई (१) उपदफा (३) समेटेर कुनै समारोह भएको अवसर पारेर भत्ता वितरण गर्न सकिनेछ वा नेपाल सरकारले सामाजिक सुरक्षा भत्ता वितरण गर्ने समयमा वितरण गर्न बाधा पर्ने छैन।

अनुदान रकमको उपयोग लाभान्वित वर्गका अभिभावकले (४)बालबालिकाको हितमा जस्तै शिक्षा), ,स्वास्थ्य, खाना, कपडा, आदि प्रयोग गर्नुपर्नेछ (।

१९. **लगत कट्टा हुने अवस्थाहरू** : देहायको अवस्थामा लाभग्राहीहरूको नाम सम्बन्धित स्थानीय तहको अभिलेखबाट कट्टा गरिनेछ -ः

(क) निज बसाइँ सरी गएमा,

(ख) निजले अन्य व्यक्ति वा संघ संस्थाबाट यस कार्यक्रमबाट भन्दा बढी सहयोग प्राप्त गरेमा,

(ग) निजले उच्च माध्यमिक तह पूरा गरेमा वा अठार वर्ष पूरा भएमा,

(घ) निजको बाल विवाह भएमा,

(ङ) निजको मृत्यु भएमा ।

स्वयं नाबालकले आफूँले पाउने अनुदान रकम नलिने भनि स्व (च) घोषणा गरेमा।

## परिच्छेद ५

## अनुगमन, लेखा प्रतिवेदन तथा अभिलेखिकरण

२० . **अनुगमन तथा प्रतिवेदन** कार्यक्रमको वार्षिक प्रतिवेदन जेष्ठ महिनामा तयार गरी (१) : कार्यपालिकाको सामाजिक विकास हेर्ने समितिमा पेस गर्नु पर्नेछ।

प्रतिवेदनको ढाँचा समितिले तोकिदिए बमोजिम हुनेछ (२)।

यस ऐन बमोजिम क (३)ार्यान्वयन हुने कार्यक्रमको अनुगमन समितिले गर्नेछ

अनाथ तथा जोखिमयुक्त बालबालिकाका लागि यस ऐन बमोजिमको (४) कार्यक्रम सञ्चालन भए नभएको अनुगमन गर्न सामाजिक शाखा वा कुनै समितिको सदस्यको संयोजकत्वमा अनुगमन टोली बनाई प्रतिवेदन तयार गराउन बाधा पर्नेछैन।

सम (५)ितिले स्थलगत अध्ययन गरी उद्देश्य अनुरुप काम भए नभएको हेरी नभएको पाएमा अनुदान रकम रोक्का गर्न निर्देशन दिन सक्नेछ ।

अनुगमन गर्दा सञ्चालक समितिले गरेका काम कार्वाही समेत हेरी प्रक्रिया (६) पूरा भए नभए प्रतिवेदन तयार गरी सञ्चालक समितिलाई सुधारकोलागि निर्देशन दिन सक्नेछ।

२१ . **लेखा सम्बन्धी व्यवस्था** अक्षय कोषको रकम नेपाल राष्ट्र बैंकबाट (१) : "क, ख, वा ग" श्रेणीको इजाजत प्राप्त मध्ये अधिकतम व्याजदर तथा अन्य सुविधा उपलब्ध गराउने बैंकमा मुद्दती खाता खोली रकम जम्मा गरिनेछ ।

कोषबाट प्राप्त व्याज तथा कोषमा नजाने तर लाभग्राहीलाई अनुदानको (२) लागिदिइने भनी प्राप्त रकम सङ्कलनका लागि सोही बैंकमा छुट्टै चल्ती र बचत खाता खोलिनेछ।

दुवै खाताको खाता सञ्चालन सञ्चालक समितिको सयोजक र सदस्य सचिवको (३) संयुक्त दस्तखतबाट हुनेछ।

२२ . **लाभग्राहीहरुको मूल अभिलेख** बमोजिमको ५- लाभग्राहीहरूको मूल अभिलेख अनुसूचीः ढाँचामा सबैले देख्ने गरी राख्नु पर्नेछ।

२३ . **गुनासो दर्ता गर्न सक्ने** अनुदानको लागि (१ ) : छनौट भएका बालबालिकाले रकमको वितरण वा अन्य प्रकृया उपर चित्त नबुझेमा निर्णय भएको मितिले पैंतीस दिनभित्र कार्यपालिकाको सामाजिक सुरक्षा हेर्ने शाखामा गुनासो दर्ता गर्न सक्नेछ ।

बमोजिम कुनै गुनासो प्राप्त भएमा समामाजिक विकास (१) उपदफा (२) समितिले सो उपर आवश्यक जाँचबुझ गरी निर्णयको लागि समितिको बैठकमा पेस गर्नु पर्दछ ।

**२४. प्रचलितकानूनबमोजिमहुने** : यस ऐनमा लेखिएको विषयमा यसै ऐन बमोजिम र अन्यविषयमाप्रचलितकानूनबमोजिमहुनेछ ।

२५. **नियमवनाउन सक्ने** : यस ऐनको उद्देश्यकार्यान्वयनगर्न कार्यपालिकाले आवश्यकनियम, निर्देशिकावाकार्यविधिबनाउन सक्नेछ ।

२६. **बचाऊः**यस ऐनको उद्देश्यतथाबिषयक्षेत्रमाप्रचलित नेपालकानुनबमोजिम यस अघि भएकाकार्यहरु यसै ऐन वमोजिमभएको मानिनेछ ।

**२७ . अनूसूचीमा हेरफेर तथा थपघट गर्न सक्ने** कार्यपालिकाले अनुसूचीमा आवश्यक हेरफेर : तथा थपघट गर्न सक्नेछ।

अनुसूची – १

(सगँ सम्बन्धित (१) को उपदफा १४ दफा)

**<u>अनुदान बितरण तालिकाको ढाँचा</u>**

| चरण | महिना | गर्न पर्ने कार्य | कैफियत |
|---|---|---|---|
| प्रक्रिया सुरु | असोज | रकम, संख्या र अन्तिम नतिजा जानकारी गराउने मिति तय | |
| सूचना प्रकाशन | कार्तिक | सबै वडाकार्यालय तथा विद्यालयमा समेत | सबैजनाले थाहा पाउने गरी सूचना प्रवाह हुनुपर्ने । |
| आवेदन सकलन | मङ्सिर मसान्त सम्म | सबैलाई सहज हुने गरी सङ्कलन गर्ने । | बडा कार्यालयसँग समन्वय गरी वडास्तरवाट सङ्कलन गर्ने व्यवस्था गर्नुपर्ने । यसका लागि स्थानीय स्तरमा गठित बाल सरक्षण समितिको सहयोग लिन सकिनेछ । |
| छनौट | पुस मसान्त | आवेदनको मूल्याङ्कन तथा छनौट | |
| गुनासो सुनुवाई | फाल्गुन पहिलो हप्ता | सूची प्रकाशन गरी ७ दिन सम्ममा कसैको केही गुनासो भए राख्न अनुरोध गर्दै सूचना प्रकाशन | |
| सम्झौता | फागुन महिना भित्र | सम्झौतामा कहिले सम्म कसरी कुन महिना दिइने आदि खुलाउनुपर्ने । | |
| कार्यान्वयन | सम्झौता अवधिसम्म | | |

अनुसूची –२

(सँग सम्बन्धित (३) को उपदफा १५ दफा)

**<u>अनाथ तथा जोखिमयुक्त बालबालिकाका लागि सामाजिक सुरक्षा कार्यक्रम आवेदन फारमको ढाँचा</u>**

१बालबालिकाको विवरणः .

नाम थर...... उमेर........... लिङ्ग.......................................

गाउँपालिका .....वडा नं..........................................

जिल्ला .............................. प्रदेश ............

विद्यालय ............................................कक्षा .

स्वास्थ्अवस्था .....................................

जन्म दर्ता भएकोनभएको/

२बुवाको विवरण .

(१)बुवाको नाम, थर ...................................................

अर्को विवाह (ग) बेपत्ता (ख) मृत्यु भएको (क) : बुवा नभएको भए सोको कारण (२)

गरी गएको ............. अन्य (घ)

पुर्ण अपाङ्ग (ख) मानसिक रोगी (क) : बुवाको शारीरिक वा मानसिक अवस्था (३)

............................. अन्य अवस्था (ग)

३आमाको विवरण .

आमाकोनाम(१), थर ............................................

आमा नभएको भए सोको क (२)ारण अर्को (ग) बेपत्ता (ख) मृत्यु भएको (क) :

............. अन्य (घ) विवाह गरी गएको

पुर्ण अपाङ्ग (ख) मानसिक रोगी (क) : आमाको शारीरिक वा मानसिक अवस्था (३)

............................. अन्य अवस्था (ग)

४आमा वा बुवा वा अभिभावक अपाङ्ग भएमा अपाङ्गताक .ो परिचय पत्र भएको/नभएको

- ✓ अपाङ्गताको प्रकार क ख ग घ

५संरक्षकको विवरणः/अभिभावक .

- ✓ अभिभावक/संरक्षकको नाम, थर .............................................
- ✓ पूरा ठेगाना ..................................................
- ✓ अभिभावक/संरक्षककोनागरिकताप्रमाणपत्रनम्बर ....................................

६ .पारिवारिकविवरणः

| क्र.सं. | परिवारकोसदस्यकोनाम | नाता | उमेर | पेसा |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

अनुसूची- ३

)दफा१७कोउपदफा) १ (सँगसम्बन्धित(

**<u>मकवानपुरगढी गाउँपालिकारसम्बन्धितअभिभावकवाबालबालिकाबीचहुने सम्झौताकोढाँचा</u>**

स्थानीयसामाजिकसुरक्षाप्राप्तगर्नेबालबालिकाकोअभिभावकवाबालबालकास्वयंश्री...........,पहिलोपक्षरको षव्यवस्थापनसमिति,दोस्रोपक्षबीचमाश्री............कोहितार्थउपयोगगर्नेगरीमासिकरु ............ . कादरले ..........
सम्मतपसिलतथाअनाथतथाजोखिमयुक्तबालबालिकाकालागिसामाजिकसुरक्षाकार्यक्रमसञ्चालनऐन, २०७५माउल्लिखितशर्तबन्देजपालनागरेसम्मअनुदानरकमउपलब्धगराउनेसम्बन्धमासम्झौतागर्नदुवैपक्षसहमतभईयससम्झौतामाहस्ताक्षरगरीएकएकप्रतिलियौदियौ।

**तपसिल**

)क (सम्बन्धितअभिभावकलेपालनागर्नुपर्नेशर्त

१ . बालबालिकालाईनिरन्तरविद्यालयपठाउने।

२ . प्राप्तसहयोगकोरकमबालबालिकाकोहितकोलागिखर्चगर्ने।

३ . बिरामीभएरवाअन्यकारणबाटबालबालिकाविद्यालयजाननसकेमासम्बन्धितविद्यालयरगाउँलाईलिखितजानकारीदिने।

४. बालबालिकालाईजोखिमपूर्णकाममानलगाउने।

५ . अनुगमनसमितिलाईसहयोगगर्नेरदिएकासुझावकार्यान्वनगर्ने।

६ . बालबालिकाकोस्थितिमाकुनैपरिवर्तनआएत्यसकोजानकारीसमितिलाईदिने।

७ . छोरारछोरीमाभेदभावनगर्ने।

)ख (सम्बन्धितसमितिलेपालनागर्नुपर्नेशर्तहरु

१ . यससम्झौतामाउल्लेखितरकमसम्झौताअवधिभरिवाशर्तकोपालनाभएसम्मचौमासिकउपलब्धगराउने,

२ . यसकार्यविधिभित्ररहीसमितिलेदिएकोसुझावकार्यान्वयनगर्ने,

३ . अनुगमनकोक्रममानिर्देशिकाअनुसारप्रदानगरीआएकोसहयोगरकमरोक्कावा स्थगनगर्नुपर्नेकुनैपनिआधारभेटिएमा सुनुवाईकोउचितमौकादिईलिखितरुपमासम्बन्धितअभिभावकरविद्यालयलाईसूचनादिने,

४ . सम्बन्धितअभिभावकरबालबालिकासँगनिरन्तरसम्पर्कमारहिरहनुपर्ने।

अभिभावक/बालबालिकास्वयंकातर्फबाट:

नामथरः ...................

३ नागरिकतानं................

हस्ताक्षर................

सञ्चालकसमितिकोतर्फबाट

नामथरः.................

दस्तखतः

पदःसंस्थाकोछाप:

अनुसुचि ४

मकवानपुरगढी गाउँकार्यपालिकाकोकार.. . .

मकवानपुर जिल्ला, ३ प्रदेश

परिचयपत्रनं................................ : .

नामथर........................... : लिङ्ग........... : उमेर.. :

ठेगाना :गाउँपालिका.................................... : , वडानं. :

जिल्ला ................ : प्रदेश.................. :

विद्यालय ...................................................... : अध्ययनगरिरहेकोकक्षा........... :

अभिभावककोनामथर ........ : ना .प्र.प .नम्बर................. :

अभिभावककोठेगाना : गाउँपालिका.................... : , वडानं..... :

जिल्ला ........................ : प्रदेश..................... :

बैङ्कमाखाताखोलेकोभए,-

बैङकको‌नामरखाताकोकिसिम.................... :

बैङकखाताकोनम्बर.................... :

रकमपाएकोविवरण,-

| | |
|---|---|
| बुझिलिनेको,-<br>नाम, थर........................ :<br>दस्तखत......................... :<br>मिति......... :<br>कूलरकम.............. : | बुझाउनेको,-<br>नाम, थर............ :<br>दस्तखत.................... :<br>मिति.................. :<br>पद......................... : |

अनुसूची-५

)दफा२२सँगसम्बन्धित(

**<u>अनाथतथाजोखिमयुक्तबालबालिकाकालागिसामाजिकसुरक्षाकार्यक्रम</u>**

**<u>लाभग्राहीहरुकोअभिलेख</u>**

मकवानपुरगढी गाउँकार्यपालिकाकोकार्यालय

मकवानपुर जिल्ला, ३ प्रदेश

| लाभग्राही नम्वर | लाभग्राहीको नामथर | अध्ययनगर्नेभए विद्यालय | | अभिभावक/संरक्षक कोनामथर | अभिभावक/संरक्षककोना गरिकतानम्बर | ठेगा ना |
|---|---|---|---|---|---|---|
| | | नाम | क क्षा | | | |
| | | | | | | |
| | | | | | | |